नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा
(प्रशासन शाखा)

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
☎ ५२००३२
फ्याक्स ५२००९९

प.सं. :- ०७९/०८०
च.नं. १०७

मिति: २०७९/०४/०२

## विषय: मिटर व्याजको कारोवार सम्बन्धी सचेतना ।

देशका अन्य भागमा जस्तै मधेश प्रदेशमा समेत चर्को मिटर व्याजमा रकम लेनदेन हुने गरेको देखिन्छ । यस प्रकारको व्याज प्रणालीबाट करोडौं रकमको कर छली तथा कालोधन जम्मा गर्ने प्रवृति बढ्दो छ । कैयो सोझा साझा जनताहरु बाध्यताबश उक्त प्रणालिमा फसेर आफ्नो घर खेत र सर्वस्व नै गुमाई असहाय बन्नु परेको अवस्था सबैलाई विदितै छ । हालका दिनहरुमा गृह मन्त्रालयबाट मिटर व्याजीहरुलाई कानून बमोजिम कडा कारवाही गर्ने भनी निर्देशनहरु प्राप्त भै केही मिटर व्याजीहरुलाई कारवाहीको प्रक्रिया अगाडी बढाईएकोमा स्पष्ट कानूनको अभावमा त्यस्ता व्यक्तिहरुलाई कानूनको दायरामा ल्याउन समस्या देखिए तापनि प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाईएको छ । तीन दोव्वरको कागज बनाउने, जग्गा नै पास गर्ने र पछि सोझा जनताको मजवुरीको फाइदा उठाई जग्गा फिर्ता नगर्ने तथा अदालतबाट कपाली तमसुक बराबर रकमको मुद्दा दायर गरी सम्पत्ती लिलाम गराई जनतालाई उठी बास बनाएको घटनाहरु देखिएको छ । वास्तविक लेनदेन भएको कपाली तमसुकलाई सम्बन्धित वडा र पालिकाबाट प्रमाणिकरण गर्ने कानूनी व्यवस्था रहेको छ । त्यसर्थ पालिकाहरुले कपाली तमसुक र पैसाको लेनदेन सम्बन्धी कागजात प्रमाणिकरण गर्दा छानविन गरी मात्र प्रमाणिकरण गर्ने कार्यको सुरुवात गर्न अनुरोध गरिन्छ । मिटर व्याज जस्ता गैरकानूनी तथा सर्वसाधारणको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा सबै तह र तप्काका व्यक्ति संस्थाहरु समेत सचेत रहन यो कार्यालय हार्दिक अपिल गर्दछ ।

लालबाबु कवारी
प्रमुख जिल्ला अधिकारी